मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

२६ औं वर्ष Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

सूचना

'खुलेर बोलौं विभेद रोकौं'
'महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : ६७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ ११ गते आइतवार (Sunday, January 24. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

घाँस ल्याउँदै कृषक: मोरङको कानेपोखरी गाउँपालिका-७ बयरवनमा गाईभैसी र खसी वाखाका लागि सामुदायिक वनबाट घाँस ल्याउँदै कृषक । **तस्वीर: मनोज दाहाल/रासस**

कोरोनाबिरुद्धको खोप माघ १४ गतेदेखि

झापा, माघ १०। सरकारले कोभिड-१९ विरुद्धको खोप 'कोभिशिल्ड' आइतवारदेखि सातवटै प्रदेशमा पठाउन शुरु गरेको छ ।

भारत सरकारले अनुदानमा उपलब्ध गराएको उक्त खोप लगाउन सातवटै प्रदेशमा पठाउन थालिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले जानकारी दिए ।

भारतबाट ल्याएपछि खोप स्वास्थ्य सेवा विभागको टेकुस्थित केन्द्रीय चिस्यान केन्द्रमा राखिएको छ । उनका अनुसार प्रदेशबाट नै जिल्ला अस्पतालमा खोप आवश्यकताका आधारका वितरण गरिनेछ । आइतबारसम्म सबै प्रदेशमा खोप पुग्ने मन्त्रालयले जनाएको छ ।

पहिलो चरणको उक्त खोप अस्पताललाई नै खोप केन्द्र बनाएर लगाइनेछ । उनले सात प्रदेश र ७७ जिल्लामा गरी करिब ३०० विभिन्न अस्पतालबाट खोप लगाइने उनले बताए । काठमाडौं उपत्यकामा भने १० भन्दा बढी अस्पतालमा खोप वितरण गरिनेछ ।

उक्त खोप स्वास्थ्य संस्थामा कार्यरत कोभिड-१९ व्यवस्थापनमा अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सहयोगी कर्मचारी, एम्बुलेन्स तथा शवबाहन चालक, कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु भएका शवको व्यवस्थापनमा खटिने सुरक्षाकर्मी, स्थानीय तहमा कार्यरत फोहोर व्यवस्थापन तथा सरसफाइकर्मीलाई दिइनेछ ।

दुई मात्रामा दिइने खोप पहिलोपटक लगाएको एक महिना वा चार हप्तापछि दोस्रो मात्रा दिइने मन्त्रालयका प्रवक्ता डा. गौतमले बताए । खोप लगाउन शुरु गरेको एक हप्ताभित्र सबै खोप लगाइसक्ने मन्त्रालयको तयारी छ ।

भारत सरकारले बिहीबार (यही माघ ८ गते) अनुदानमा सरकारलाई १० लाख मात्रा खोप

(बाँकी अन्तिम पृष्ठमा)

कोरोना भाइरस: खोप के हो ?

झापा, माघ १०। कोभिड-१९को महामारी नियन्त्रण गर्ने प्रयास स्वरूप विश्वभरि समुदाय स्तरमा खोप लगाउने काम शुरु भएको छ ।

सूचना र सल्लाह भ्रमपूर्ण हुन सक्छन् तर केही आधारभूत तथ्य र सूचनाले त्यस्ता वास्तविकता ठम्याउन सहयोग गर्छन् ।

खोप के हो ?

खोपले भाइरस, रोग वा सङ्क्रमणसँग लड्न शरीरलाई तयार गर्छ । यसले शरीरको प्रतिरक्षात्मक क्षमतालाई आक्रमण गर्ने तत्वको

(बाँकी अन्तिम पृष्ठमा)

यात्रुवाहक बसमा तोडफोड

झापा, माघ १०। पूर्वपश्चिम राजमार्ग अन्तर्गत झापाको शिवसताक्षी नगरपालिकामामा तीन जना युवाको समूहले धरान जाँदै गरेको यात्रुवाहक बसमा तोडफोड गरेका छन् ।

घरेलु हतियार खुकुरीसहित आएका उनीहरुले यात्रुको व्यवहार देखाउँदै बस रोकेर तोडफोड गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । प्रहरीका अनुसार यो घटनामा नेत्रविक्रम चन्द विप्लव समूहको नेकपा-माओवादीको संलग्नता हुन सक्ने अनुमान गरिएको छ ।

स्थानीय किराँत चोकमा बा४ख ८५९७ नम्बरको यात्रुवाहक बस रोकेर खुकुरीसहित आएका उनीहरुले बसको सिट काटेका छन् ।

उनीहरुले बसको अगाडिको भागको सिसा समेत फुटाइदिएको प्रहरीले जनाएको छ । उनीहरुले मट्टितेल छर्केर उक्त बसलाई आगजनीको प्रयास गरेका थिए । आगजनी प्रयास गरेपछि बसमा यात्रारत् यात्रुहरु चिच्याएको कारण आगजनीबाट जोगिएको स्थानीयवासीले बताएका छन् ।

नेकपा नेत्रविक्रम चन्दले आव्हान गरेको बन्दका कारण झापामा सार्वजनिक यातायातका साधन फाट्टफुट्ट चलेका थिए । समूहमा आएका युवाले बन्दका दिन बस चलाएर किन उल्लंघन गरेको भन्दै बसको सिसा फुटाइदिएको यातायात मजदुरको भनाइ उद्धृत गर्दै इलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ । झापा प्रहरीका अनुसार घटनामा संलग्न भएको आशंकामा एकजनालाई पक्राउ गरिएको छ । यता प्रहरीले भने बन्दको कुनै प्रभाव नपरेको जनाएको छ ।

'आफ्नैका कारण प्रतिनिधिसभा विघटन'

उमानाथ भण्डारी

कमल, माघ १०। पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले आफ्नै दलका नेताले सरकारलाई काम गर्न अवरोध गरेका कारण प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेको बताएका छन् ।

झापाको कमल गाउँपालिका-५स्थित गुरागाँई प्रतिष्ठानको सभाहलमा अखिल नेपाल महिला संघ झापा जिल्ला स्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै मन्त्री ढकालले यस्तो बताएका हुन् । सरकार काम गर्न खोज्छ, पार्टी रोक्छ, जसका कारण यो अवस्था अएको हो । यदि यस्तै अवस्था रहिरहेमा पाँच वर्षपछि चुनावमा जाँदा जनतालाई के भन्ने बरु अहिले वास्तविक कुरा लिएर जनताका सामु गए जनताको ताजा जनादेश लिएर काम गर्न अवसर प्राप्त हुने मन्त्री ढकालको भनाइ थियो ।

सरकारले घोषणा गरेकै मितिमा चुनाव हुने भएकोले कार्यकर्तालाई चुनावमा लाग्न समेत मन्त्री ढकालले निर्देशन दिए । साथीहरुले सडकमा कालो झण्डा देखाउन थालेकोले उहाँहरुका दिन कालो हुन थालेका छन्, हामी उज्यालो चाहन्छौं, त्यसैले सूर्य चिन्ह आफ्नै हुन्छ मन्त्री ढकालले भने ।

नेतृ विन्दा पाण्डेले अब नयाँ पुस्ताले नेतृत्व लिनुपर्ने बेला आएको बताउँदै, महिला सम्बन्धी विधेयक ल्याए पनि आफ्नै दलका नेताका कारण प्रतिनिधिसभाबाट पारित हुन नसकेको बताइन् । अखिल नेपाल महिला संघ झापा जिल्ला उपाध्यक्ष पवित्रा पाठकको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन लीला ढुङ्गेलले गरेकी थिइन् ।

ट्रकसहित काठ बरामद

झापा, माघ १०। जिल्ला प्रहरी कार्यालय झापाले को१ख ३०६२ नम्बरको मिनी ट्रकसहित ठूलो परिमाणमा काठ बरामद गरेको छ ।

दमक नगरपालिका-४ कृष्ण मन्दिर उत्तरबाट प्रहरीले ९९.५१ क्यूफिट (१९४ थान चिरान) काठ बरामद गरेको हो । इलामबाट त्रिपालले छोपेर ट्रकमा ल्याउँदै गरेको उक्त काठ इलाका प्रहरी कार्यालय दमक र अस्थायी प्रहरी पोष्ट तारावारीले चेकजाँचको क्रममा फेला पारेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए । बरामद गरिएको काठ र

सवारी डिभिजन वन कार्यालय चन्द्रगढी बुझाइएको प्रहरीले जनाएको छ ।

उत्पादन बढ्यो, चामलको आयात घटेन

झापा, माघ १०। नेपालमा धान उत्पादन बढे पनि चामलको आयात भने नघटेको सरकारी तथ्याङ्कले देखाएको छ ।

मौसममा अनुकूलताका कारण यो वर्ष धानको उत्पादन बढेको कृषि मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । तर, भन्सार विभागको तथ्यांकले चामलको आयात ६१ प्रतिशतले बढेको देखाएको छ ।

चामलको खपत बढाउने कुनै उद्योगधन्दा नथपिए पनि आयात अकाशिँदै जानु र आन्तरिक उत्पादन पनि बढेको तथ्यांक देखिनुलाई कृषि अर्थशास्त्रीले अविश्सनीय भनेका छन् । भन्सार विभागको तथ्यांक अनुसार यस आर्थिक

वर्षको पुस मसान्तसम्म ३ लाख ८ हजार मेट्रिक टन चामल आयात भएको छ । गत वर्षको सोही अवधिमा १ लाख ९१ हजार मेट्रिक टन चामल भित्रिएको थियो । यसबाट ६ महिनामा चामलको आयात ६१ प्रतिशतले बढेको देखिन्छ ।

मूल्यका आधारमा गत वर्ष ६ महिनामा १० अर्ब ५३ करोडको चामल आयात भएको थियो । यसपाली सोही अवधिमा १४ अर्ब ९४ करोडको चामल आयात भएको तथ्यांक छ । मूल्यलाई आधार मान्दा सबैभन्दा धेरै आयात हुने वस्तुको सूचीमा चामल छैठौं नम्बरमा पर्छ । धानको उत्पादन बढेको तथ्यांक कृषि विकास मन्त्रालयले सार्वजनिक गरिरहँदा चामलको आयात किन बढ्यो त ?

(बाँकी अन्तिम पृष्ठमा)

चोरीको ल्यापटप बिक्री गर्न खोज्दा ...

झापा, माघ १०। इलाका प्रहरी कार्यालय अनारमनीले चोरीको ल्यापटप बिक्री गर्न खोज्ने दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बिर्तामोड नगरपालिका-६ बुट्टाबारीमा बस्ने दमक-७का ३० वर्षीय अजय मल्लिक र सोही ठाउँका २० वर्षीय देव परियार रहेका छन् । उनीहरुलाई प्रहरीले एसर र एचपी कम्पनीको २ थान ल्यापटप सस्तो मूल्यमा बिक्री गर्न खोज्दा पक्राउ गरेको जिल्ला प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

झापामा थालियो निर्वाचनको तयारी

भद्रपुर, माघ १०। प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सरकारविरुद्ध दिनहुँ सडक आन्दोलन चर्किरहेको बेला प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापामा मध्यावधि निर्वाचनको तयारी थालिएको छ ।

जिल्ला निर्वाचन कार्यालय र मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समिति झापाले जिल्लामा मध्यावधि निर्वाचनको तयारी थालेको हो । सरकारले आगामी वैशाख १७ र २७ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मिति तोकेसँगै निर्वाचन आयोगले जिल्ला कार्यालयहरूलाई पुस १६ गतेदेखि नै कार्य तालिकासहित तयारीमा जुट्न पत्राचार गरिसकेको छ ।

सोही पत्राचार बमोजिम झापामा मध्यावधि निर्वाचनको तयारी थालिएको निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीकुमार नेपालले जानकारी दिए । शुक्रवार दिउँसो जिल्ला प्रशासन कार्यालय झापामा बसेको मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकले विभिन्न निर्णय गरेको छ ।

२०७४ सालको निर्वाचन पश्चात् जिल्लामा देखिएका जटिल मतदान स्थलहरूलाई संशोधन गर्ने बैठकले निर्णय समेत गरेको छ । जिल्लाका १५ वटा स्थानीय तहमध्ये चार वटा स्थानीय तह बाह्रदशी गाउँपालिका, कमल गाउँपालिका, अर्जुनधारा नगरपालिका र शिवसताक्षी नगरपालिकामा मतदान स्थल थप गर्ने निर्णय गरिएको कार्यालय प्रमुख नेपालले जानकारी दिए । उनका अनुसार बैठकले बाह्रदशी गाउँपालिका-७ स्थित डाँगीवारीमा रहेको संयुक्त वडा कार्यालयको मतदान केन्द्रलाई गौरीशङ्कर माविमा कायम गर्ने र सोही वडाको विरीङ नदी पश्चिमतर्फका मतदाताका लागि पशुपति आधारभूत विद्यालयलाई मतदानस्थल कायम गर्ने निर्णय गरिएको छ ।

शिवसताक्षी नगरपालिका-१०को कनकाई नदी पूर्व टेक्रा मतदान स्थललाई सोही स्थानमा रहेको दीपेन्द्र आधारभूत विद्यालयमा कायम गर्ने र कमल गाउँपालिका-५ सिम्लेका मतदातालाई छुट्टै मतदान स्थल तय गरिने निर्णय गरेको छ । त्यस्तै अर्जुनधारा नगरपालिका-४स्थित दहीझोडाका मतदाताका लागि लक्ष्मी आधारभूत विद्यालय, मेचीनगर नगरपालिका-१०को पुरानो मतदानस्थल कृषि विकास बैङ्कको साटो सोही स्थानमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई नयाँ मतदानस्थल कायम गर्ने निर्णय गरिएको छ ।

बैठकमा निर्णय गरिएका मतदान स्थलहरूलाई प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको संयोजकत्वमा रहेको मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले निर्वाचन आयोगलाई सिफारिस गर्ने जनाइएको छ । साथै यही माघ १५देखि २१ गतेसम्म मतदाता नामावली अद्यावधिक गर्ने समेत बैठकले निर्णय गरेको छ । त्यस सात दिनभित्र जिल्लाका १५ वटै स्थानीय तहमा मतदाता नामावलीमाथि दावी विरोध गर्ने कार्य तालिका रहेको बताउँदै कार्यालय प्रमुख नेपालले भने- 'दावी विरोध पश्चात् फागुन २१ गते अन्तिम मतदाता नामावली प्रकाशन गर्नेछौं ।'

२०७४ सालको निर्वाचनमा झापामा २ सय ८३ वटा मतदानस्थल र ६ सय ९२ वटा मतदान केन्द्र राखिएको थियो । जिल्लामा २०७४ भदौ २० गते ५ लाख ८५ हजार २ सय ३६ जना मतदाता रहेकोमा २०७७ पुस ५ गतेसम्म ६ लाख १३ हजार ३ सय १२ जना मतदाता रहेको निर्वाचन कार्यालयका सूचना अधिकारी प्रकाश न्यौपानेले जानकारी दिए ।

समाल रियल स्टेट प्रा.लि.
जग्गा खरिद विक्री केन्द्र
गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा
प्रबन्ध निर्देशक: राजु समाल (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

पायल्स तथा फिस्टुलाको उपचार
पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेनुं झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ ११ र १२** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।
ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
पुरानो बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी
दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

राप्रपाको देशभर नै झण्डोत्तोलन र चुनाव चिन्ह अनावरण

झापा, माघ १०। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले देशभर नै झण्डोत्तोलन तथा चुनाव चिन्ह अनावरण गरेको छ।

राप्रपाभित्रका भिन्नाभिन्दै पार्टीबीच एकीकरणपछि बनेको हलो चिन्हको अनावरण गर्दै देशभरका स्थानीय तहमा झण्डोत्तोलन सम्पन्न गरेको हो। यसै क्रममा झापाका १५ वटै स्थानीय तहमा पनि राप्रपाले एकैपटक झण्डोत्तोलन र चुनाव चिन्ह अनावरण गरेको छ।

राप्रपा बिर्तामोड नगरसमितिले केन्द्रीय नेता राजेन्द्र लिङ्देनको प्रमुख आतिथ्यमा झण्डोत्तोलन र चुनाव चिन्ह अनावरण गरेको छ। पार्टीका बिर्तामोड नगरअध्यक्ष शंकरप्रसाद रिजालको सभापतित्वमा भएको कार्यक्रममा नगर उपाध्यक्ष जगतबहादुर बस्नतेले स्वागत गरेका थिए।

कार्यक्रममा जिल्ला उपाध्यक्ष टीकादेवी राय, राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित संगठनका जिल्ला अध्यक्ष गोपाल गजमेर, पार्टीका जिल्ला सदस्य दीपक मास्के, सहसचिव रञ्जु बराल, बुद्धिजीवी समाजका दुर्गा उप्रेती, युवक संगठनका केन्द्रीय उपाध्यक्ष ध्रुव उप्रेती लगायतले बोलेका थिए। कार्यक्रमको सहजीकरण सहसचिव हेमराज खनालले गरेका थिए।

अपाङ्गता भएकालाई न्यानो कपडा

बिर्तामोड, माघ १० । रोटरी क्लव अफ बिर्तामोड मिडटाउनले अपाङ्गता भएका २० जनालाई न्यानो कपडा वितरण गरेको छ।

जाडोको समयमा एकसरो कपडाको भरमा कष्टकर जीवन बिताउँदै आएका अपाङ्गता भएकालाई जाडोमा न्यानो कपडा प्रदान गरिएको रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले बताए।

रोट्रयाक क्लव अफ बिर्तामोड मिडटाउन, इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउन, इन्ट्रयाक्ट क्लव अफ देवभूमिको सहकार्यमा बिर्तामोड-४ मा रहेको बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्थामा आवद्ध अपाङ्गता भएका २० जनालाई न्यानो कपडा वितरण गरेको उनले जानकारी दिए।

बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्थाका अध्यक्ष दिलिप थापाको अध्यक्षता तथा गोमेन्द्र महाविद्यालयका संस्थापक गणेशप्रसाद खनालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले स्वागतसहित औचित्यमाथि प्रकाश पारेका थिए।

कार्यक्रममा रोटरी क्लव अफ बिर्तामोड

मिडटाउनका प्रेसिडेन्ट भण्डारी, चाटर्ड प्रेसिडेन्ट सन्तोष अग्रवाल, पास्ट प्रेसिडेन्ट शुभ कुमाई पाठक, भाइस प्रेसिडेन्ट सुमन शर्मा जमरकट्टेल, सेक्रेटरी सिद्धार्थ नवीन उप्रेती, टीआरएफ चियर जगत शर्मा, मेम्वरसीप चियर शिजर राजभण्डारी, रोटरी क्लव अफ मेचीनगरका प्रेसिडेन्ट कपिल क्षेत्री, मेम्वर शर्मिला पाठक, रोट्रयाक क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट प्रकृति न्यौपाने, सेक्रेटरी सञ्जय अग्रवाल, जोइन्ट सेक्रेटरी श्रद्धा प्रसाई, मेम्वर अर्चना अधिकारी लगायतले न्यानो कपडा वितरण गरेको रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका मिडिया पर्सन तुलसीप्रसाद निरौलाले जानकारी दिए।

कार्यक्रममा बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्थाका अध्यक्ष दिलिप थापाले जाडोको समयमा कष्टकर जीवन बिताउँदै आएका अपाङ्गता भएकालाई न्यानो कपडा प्रदान गरेर ठूलो गुन लगाएको बताए।

सोही कार्यक्रममा गोमेन्द्र महाविद्यालयका संस्थापक गणेशप्रसाद खनालले १० जना दृष्टिविहीन विद्यार्थीहरुलाई स्वीटर प्रदान गरेका थिए। कार्यक्रमको सञ्चालन बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्थाका हरिप्रसाद अधिकारीले गरेका थिए।

लागूऔषध तथा दुर्व्यसनविरुद्धको अभियान

बुधबारे, माघ १०। बुधबारे जेसीजले लागूऔषध तथा दुर्व्यसनविरुद्धको अभियान शुभारम्भ गरेको छ। शनिबार बुद्धशान्ति गाउँपालिकाको परिसरमा विशेष कार्यक्रमको आयोजना गरी अभियान शुभारम्भ गरिएको हो।

बुधबारे जेसीजका अध्यक्ष अनिल वाग्लेको अध्यक्षता तथा बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद चापागाँईको प्रमुख आतिथ्यमा अभियान शुभारम्भ गरिएको हो।

कार्यक्रम संयोजक बिनोद नेम्बाङले स्वागत गरेको कार्यक्रममा औचित्यमाथि अध्यक्ष वाग्लेले प्रकाश पारेका थिए। दूर्योधनसिंह देवले जेसीज आस्था वाचन गरेको कार्यक्रममा प्रमुख अतिथि चापागाँईले जेसीजको अभियानको पूर्ण सफलताको शुभकामना व्यक्त गरेका थिए। उनले बुद्धशान्ति गाउँपालिकाका तर्फबाट गर्न सक्ने सहयोगमा गाउँपालिका सदैव सकारात्मक रहेको बताए। त्यस्तै विशेष अतिथि इलाका प्रहरी कार्यालय बुद्धशान्तिका प्रमुख निराजन कटवालले बुद्धशान्ति गाउँपालिकालाई लागूऔषध तथा दुर्व्यसनमुक्त बनाउन बुधबारे जेसीजले महत्वपूर्ण अभियान शुभारम्भ गरेको बताए।

त्यस्तै बुद्धआदर्श माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष मनोरथ तिवारीले युवा दुर्व्यसनमा फसेको बताउँदै सबैको साझा प्रयासले कुलतमा फसेका तथा फस्न लागेका युवालाई जोगाउनुपर्ने धारणा राखे।

बुद्धशान्ति गाउँपालिका स्वास्थ्य शाखा प्रमुख भोला अधिकारी, बुद्धआदर्श माविका शिक्षक नारायण चम्लागाँई, बुधबारे जेसीजका निवर्तमान अध्यक्ष नन्दकुमार याफू राई, पूर्व अध्यक्षद्वय सेमन्त पोखरेल, रमेश बराल लगायतको आतिथ्य थियो।

लागूऔषधसहित भारतीय महिला पक्राउ

मोरङ, माघ १०। मोरङ बिराटनगर-१५स्थित सीमा क्षेत्रबाट प्रतिबन्धित लागूऔषधसहित एक भारतीय महिला पक्राउ परेकी छन्।

पक्राउ पर्नेमा भारत अररिया जोगवनी-४की ४० वर्षीया लक्ष्मीदेवी साह रहेकी छन्। उनलाई शुक्रबार सीमा प्रहरी चौकी रानीबाट खटिएको प्रहरी टोलीले लागूऔषधसहित पक्राउ गरेको हो।

मलेशियाबाट १८ शव ल्याइयो

झापा, माघ १०। राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइड बडी ए३३० जहाजले मलेशियाबाट १८ वटा नेपाली कामदारको शव नेपाल ल्याएको छ।

वैदेशिक रोजगारीको सिलसिलामा मलेशियामा विभिन्न कारणले ज्यान गुमाएका नेपालीको शव लिएर निगमको जहाज अपराह्न काठमाडौँ अवतरण भएको हो। एक शवको अस्तुसहित १९ वटा शव नेपाल ल्याइएको निगमले जनाएको छ।

शव लिन निगमको जहाज शुक्रबार राति ११ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मलेशियाको क्वालालम्पुर उडेको थियो। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत निगमले नेपालीको शव ल्याएको हो। वैदेशिक रोजगारीको सिलसिलामा मलेशियामा काम गर्न गएका नेपाली विभिन्न कारणले मृत्यु भएर त्यहाँ अलपत्र अवस्थामा थिए। मृतकका परिवारको पीडालाई बुझेर निगमले सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा शव ल्याएको निगमले उल्लेख गरेको छ।

निगमले क्वालालम्पुर गन्तव्यमा न्यारोबडी जहाजले नियमित उडान गर्दै आएको छ। नेपाली कामदारको शव लिनकै लागि निगमले पहिलोपटक वाइडबडी जहाज प्रयोग गरेको हो। वाइडबडी जहाजमा १८ वटा शव बोक्ने क्षमता हुन्छ।

मलेशियास्थित नेपाली दूतावासँगको समन्वयमा निगमले नेपालीको शव ल्याएको हो। नेपाली दूतावासलाई उद्धृत गर्दै निगमले जनाए अनुसार अझै त्यहाँ ३७ वटा शव रहेको छ। ती शव समयभित्रै नेपाल ल्याउन निगमले आवश्यक तयारी भइरहेको जनाएको छ। विदेशमा अलपत्र नेपाली कामदारको शव नेपाल ल्याएर निगमले सामाजिक उत्तरदायित्वको उदाहरणीय काम भएको निगमका सहप्रवक्ता शुलेख मिश्रले बताए। नेपाल वायु सेवा निगम राष्ट्रिय ध्वजावाहक भएकाले हामी सदैव नेपाल र नेपालीको सुखदुःखमा साथमा हुनुपर्छ र छौं, यस कारण पनि सामाजिक उत्तरदायित्व हाम्रो प्राथमिक क्षेत्र हो र जसप्रति निगम उच्च संवेदनशील छ- उनले भने।

महिनौंदेखि अलपत्र अवस्थामा रहेका नेपालीको शव ल्याउन निगमको जहाज प्रयोग भएको छ। निजी क्षेत्रका जहाजले शव बोक्न आनाकानी गर्ने गरेको अवस्थामा निगमले प्रशंसनीय काम गरेको छ।

गजेन्द्रनारायण सिंहको १९औं स्मृति दिवस

झापा, माघ १०। सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंहको १९औं स्मृति दिवस झापाको बिर्तामोडमा मनाइएको छ।

गजेन्द्रनारायण सिंह अध्ययन केन्द्र झापाले अधिकार पहिचानको संघर्ष र गजेन्द्रनारायण सिंह विषयक अन्तरक्रियासहित स्मृति दिवस मनाएको हो। जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य विश्वनाथ सिंह राजवंशीको प्रमुख आतिथ्य र प्रतिष्ठानका संयोजक सूर्यनारायण गणेशको अध्यक्षतामा कार्यक्रम भएको थियो।

जिल्ला उपसभापति सन्तोषकुमार गणेशले स्वागत गरेको कार्यक्रममा नेपाली कांग्रेसका महासमिति सदस्य भगीरथ पोद्दार, जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य नित्यानन्द ताजपुरिया, जनमुक्ति पार्टीका अध्यक्ष भवानी सेलिङ, जनता समाजवादी पार्टीका झापा अध्यक्षद्वय दिपीनवाला राई र अनुतसिंह राजवंशी, जिल्ला उपसभापति संगीता रौनियार, युवा प्रदेश संयोजक रोशन लिम्बू लगायतले बोलेका थिए।

कार्यक्रमकै बीच सद्भावना पार्टीका संस्थापक झापा अध्यक्ष कामेश्वर दत्तलाई सम्मान समेत गरिएको थियो। कार्यक्रमको सञ्चालन प्रदेश सदस्य सज्जनकुमार वंशलले गरेका थिए।

कोरोना ...

पहिचान गर्न सघाउँछ।

यसले एन्टीबडी उत्पादन गरेपछि धेरै बिरामी बनाउने सम्भावना कम हुन्छ तर मानिसहरूले केही असर अनुभव गर्न सक्छन्। अस्थायी खालको ज्वरो र दुखाइको महसुस हुनसक्छ। त्यसपछि तपाईंको शरीरमा रोगसँग लड्ने प्रतिरोधी क्षमताको विकास हुन्छ। अमेरिकास्थित सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन सीडीसीले त्यसैले खोप निकै शक्तिशाली हुने बताएको छ। किनकि त्यसले बिरामी निको पार्न र उपचार गर्न प्रयोग हुने अधिकांश औषधिहरूभन्दा खोपले धेरै जीवन बचाउँछ।

खोप सुरक्षित छ ?

प्रारम्भिक चरणमा १० औं शताब्दीमा चिनियाँले खोपको अवधारणा पत्ता लगाएका थिए। तर त्यो सन् १७९६ मा एडवार्ड जेनेरले तुलनात्मक रूपमा सामान्य काउपोक्सको सङ्क्रमणले बिफरबाट जोगाउने कुराको भेउ नपाउँदासम्म सम्भव भएन।

दुई वर्षपछि उनले आफ्नो अवधारणाको परीक्षण गरे र तथ्याङ्क प्रकाशित गरे। गाई जनाउने ल्याटीन शब्द भेक्का शब्दबाट विश्वभरि भ्याक्सिन भनी खोपको नामकरण भयो।

विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओका अनुसार २० वटा रोगहरूबाट जोगाउन र वर्सेनि २० देखि ३० लाख मानिसको मृत्यु रोक्न खोपलाई आधुनिक विश्वको एउटा महान् उपलब्धिको रूपमा लिइयो। सीडीसीले भनेको छ, बजारमा पठाउनुअघि खोपहरूको व्यापक रूपमा परीक्षण गरिन्छ।

मानिसहरूमा क्लिनिकल परीक्षण गर्नुअघि त्यसको ल्याब र जनावरमा परीक्षण गरिन्छ। जोखिमहरू पनि हुन्छन् तर सबै औषधिहरू जस्तै जोखिमको तुलनामा खोपको लाभको निकै धेरै हुन्छ। उदाहरणका लागि बाल्यकालको रोग करिब एक पुस्ता अघिसम्म आम रूपमा थियो जुन खोपकै कारण निकै कम हुँदै गएको छ।

र, करोडौँ मानिसको ज्यान लिएको बिफर अहिले पूर्ण रूपमा निर्मूल भइसकेको छ। तर, सफलता प्राप्त गर्न दशकौँ लाग्छ। विश्वव्यापी खोप अभियान शुरु भएको करिब ३० वर्षपछि अफ्रिकाले गत अगस्ट महिनामा मात्र पोलियोमुक्त घोषणा गऱ्यो। विज्ञहरूले चेतावनी दिएका छन् कि हामी सामान्य अवस्थामा पुग्ने गरी कोभिड-१९विरुद्ध विश्वभरिको जनसंख्यालाई खोप दिन महिनौं वा सम्भवतः केही वर्ष लाग्न सक्छ।

खोप कसरी बनाइयो ?

ब्याक्टेरिया, भाइरस, प्यारासाइट वा फङ्गसजस्ता रोगका कारक शरीरभित्र प्रवेश गरेपछि शरीरले त्योसँग लड्न एन्टीबडी उत्पादन गर्न थाल्छ।

परम्परागत खोपले दैनिक क्रियाकलापमा किटाणुहरूसँग लड्नुअघि एन्टीजेनको कमजोर वा निष्क्रिय अंश मानिसको शरीरमा उत्पादन गरेर सहयोग गर्छ। त्यसले प्रतिरक्षा प्रणालीलाई वास्तविक किटाणुसँग लडेको जस्तो कार्य गर्न प्रेरित गर्छ। तर, कतिपय कोरोनाभाइरस खोप बनाउन नयाँ तरिका अपनाइएका छन्।

कोभिड खोपको तुलना

फाइजर-बायोएनटेक र मोडेर्ना दुवै भाइरसको आनुवंशिक सङ्केतको रूपमा प्रयोग हुने म्यासेन्जर आरएनए (एम-आरएनए) खोप हुन्।

कमजोर वा निष्क्रिय एन्टीजेनलाई प्रयोग गर्नुको बदला तीनले एन्टीबडी बनाउन आवश्यक पर्ने प्रतिरोधी क्षमता सक्रिय तुल्याउन कोभिड-१९को भाइरसको सतहमा भेटिने प्रोटिन तीव्र वृद्धि कसरी गर्ने भन्ने सिकाउँछ। अक्सफोर्ड-एस्ट्राजेनेका खोप फरक छ। यही खोप नेपालमा भारतको सहयोगले आइपुगेको हो।

वैज्ञानिकहरूले चिम्पान्जीहरूलाई सङ्क्रमित गर्ने सामान्य रुघाको भाइरसलाई परिवर्तन र कोभिड-१९को अनुवांशिक सङ्केतका अंशलाई थप गरेका छन्। तीनवटै खोपले अमेरिका र ब्रिटेनमा प्रयोगको निम्ति अनुमति पाएका छन्। मेक्सिको, चिले र कोस्टारिकाले फाइजर भ्याक्सिन प्रयोगमा ल्याइसकेका छन्। ब्रजिल सरकारले अक्सफोर्ड र सिनोभ्याक खोपलाई अनुमति दिने सङ्केत दिएको छ।

अरू खोप पनि छन् ?

बेइजिङस्थित सिनोभ्याकले विकास गरेको कोरोनाभ्याक खोप पनि चीन, सिंगापुर, मलेशिया, इण्डोनेसिया र फिलिपिन्समा लगाइँदै छ र त्यसमा मृत भाइरसको अंशको प्रयोगको परम्परागत विधि अपनाइएको छ।

टर्की र इन्डोनेसियामा गरिएको पछिल्लो परीक्षणबाट प्राप्त अन्तरिम तथ्याङ्कलाई लिएर त्यसको वास्तविक प्रभावकारितामाथि प्रश्न उठाइएको छ। ब्रजिलमा अनुसन्धानकर्ताहरूले ५०.४ प्रतिशत मात्र प्रभावकारी देखिएको बताएका छन्।

भारतमा अक्सफोर्ड विश्वविद्यालयसँग मिलेर एक्ट्राजेनेकाले विकास गरेको कोभिशील्ड र स्थानीय भारत बायोटेकको कोभ्याक्सिन खोप लगाउन थालिएको छ। रुसले भाइरसको परिवर्तित संस्करण प्रयोग गरिएको आफ्नै खोप स्पुतनिक भी प्रयोग गरिरहेको छ।

के सबैलाई खोप चाहिन्छ ?

खोप सबैतिर अनिवार्य गरिएको छैन। तर मेडिकल कारणले गर्दा लगाउन नहुने सानो संख्या बाहेक अधिकांशलाई लगाउन ठिक भनिएको छ। सीडीसीका अनुसार खोपले जसले लगाउँछ उसलाई कोभिड-१९ हुन दिन्न र त्यो व्यक्तिबाट सर्नबाट अरूलाई पनि जोगाउँछ।

जसलाई उसले महामारी नियन्त्रणको महत्वपूर्ण साधन भनेको छ। डब्ल्यूएचओले ६५ देखि ७० प्रतिशत मानिसहरूलाई खोपको खाँचो पर्ने अनुमान गरेको छ। जसको अर्थ धेरै मानिसलाई त्यसको निम्ति प्रेरित गर्ने देखिन्छ।

केही मानिसले कोभिड खोपको उत्पादनको गतिलाई लिएर चिन्ता व्यक्त गरेको पाइन्छ। सत्य पनि हो वैज्ञानिकहरूले खोपको परीक्षण र योजनामा वर्षौं बिताउँछन् र विश्वव्यापी स्वार्थको निम्ति समाधान खोज्न कामलाई गति दिएका छन्। त्यसैका निम्ति डब्ल्यूएचओले वैज्ञानिक, व्यापारी र स्वास्थ्य सङ्गठनहरूसँग संयोजन गरिरहेको छ।

संक्षेपमा अर्बौं मानिसलाई खोप दिँदा कोभिड-१९को सङ्क्रमण रोक्छ र प्रतिरोध क्षमता विकास भएको अवस्था अर्थात् हर्ड इम्यूनिटीको बाटो खुला गर्छ। त्यसरी खोप दिइएपछि हामी छिट्टै सामान्य जनजीवनमा फर्किन सक्छौं। *वीवीसी*

कोरोनाबिरुद्धको ...

अनुदानमा उपलब्ध गराएको छ। माइनस दुई डिग्री सेल्सियसदेखि माइन्स आठ डिग्री सेल्सियसमा राख्न सकिने उक्त कोभिशिल्ड खोप भारतमा ७० प्रतिशत प्रभावकारी देखिएको छ।

सरकारको कूल जनसंख्याको ७२ प्रतिशत मानिसलाई कोभिड-१९ विरुद्ध खोप लगाउने योजना रहेको छ। पहिलो चरण खोप लगाएपछि सरकारले दोस्रो चरणका लागि 'कोभ्याक्स सुविधा' नामक संयन्त्र अन्तर्गत निःशुल्क २० प्रतिशत खोप ल्याउने तयारी गरेको छ। कोभ्याक्समार्फत आउने २० प्रतिशत जनसंख्या पुग्नेबाहेक सरकारले बाँकी ५२ प्रतिशत खोप कुटनीतिक नियोगबाट सरकार-सरकार (जिटुजी), सार्वजनिक खरीद नियमावली अनुसार र ठेक्कामार्फत ल्याउने बताइएको छ।

अहिले विश्वमा फाइजर एन्ड बायोएनटेक कम्पनी (अमेरिका), मोडेर्ना (अमेरिका), ग्यामेलिया (रसिया), 'स्पुतनिक-भी' (रसिया) र अक्सफोर्ड अक्ट्राजेनिका (बेलायत) र चीनको 'साइनोभ्याक्स' लगायतका खोप कोभिड-१९ विरुद्ध प्रयोग भइरहेका छन्। खोप माघ १४ गतेदेखि लगाउने तयारी सरकारले थालेको छ।

त्यसका लागि मन्त्रालय अन्तिम तयारीमा जुटेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. गौतमले बताएका छन्। त्यसका लागि सोमबारसम्ममा सबै जिल्लामा खोप पुगिसक्नेछ। ७७ जिल्लाका करिब ३ सय अस्पतालबाट खोप दिने तयारी सरकारको छ।

मन्त्रालयले १८ गतेमात्र खोप अभियान सुरू गर्ने तयारी गरेको थियो। तर, प्रधानमन्त्री ओलीले खोप चाँडै शुरु गर्न भनेपछि १४ गतेदेखि नै लगाउन शुरु गर्ने मन्त्रालयले जनाएको छ।

उत्पादन ...

कृषि अर्थशास्त्रीहरु एक त नेपालीहरु मसिनो चामलको भातमा आकर्षित भएको बताउँछन् भने अर्कातिर उत्पादन बढेको तथ्यांकप्रति नै विश्वस्त छैनन्।

कृषि मन्त्रालयले तीन साताअघि धानको उत्पादन करिब ७१ हजार टन बढेको तथ्यांक सार्वजनिक गरेको थियो। जेठ मसान्तमै मनसुन शुरु भएको, शहरी क्षेत्रमा बस्ने श्रमिक महामारीले गाउँ फर्किएकाले बाँझो जमिनमा पनि खेती भएको, गत वर्षभन्दा १४ हजार ५ सय हेक्टर बढी क्षेत्रमा रोपाइँ भएको लगायत कारणले यो वर्ष ५६ लाख २१ हजार ७ सय १० टन धान उत्पादन भएको मन्त्रालयको आँकडा छ। तर, तथ्यांक संकलनको मन्त्रालयको विधि भरपर्दो छैन। कति जमीनमा रोपाइँ भयो र कति उत्पादन भयो भन्ने बुझ्न कृषि प्राविधिक गाउँ-गाउँ पुग्दैनन्। कृषि ज्ञान केन्द्रका कर्मचारीले हरेक जिल्लामा सीमित क्षेत्रको खेतमा देखिने बाला हेरेर भदौ र असोजमै उत्पादनको प्रक्षेपणसहितको विवरण पठाउँछन्। त्यसैलाई आधार मानेर मन्त्रालयले उत्पादनको तथ्यांक एकीकृत गर्छ, जुन विधि वैज्ञानिक नभएको मन्त्रालय आफैं स्वीकार गर्छ।

मन्त्रालयका अधिकारी उत्पादन बढेको तथ्यांकको औचित्य पुष्टि गर्न नेपाली धान ठूलो परिमाणमा भारत निर्यात हुने गरेको बताउँछन्। तर, भन्सार विभागको विवरणले भने धान त्यसरी निर्यात भएको देखाउँदैन। आयात अकाशिनुले उत्पादन बढाउनुपर्ने खाँचो औल्याए पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण, धान मिसन लगायत कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्।

झापामा प्रधानमन्त्री कृषि आधुनीकिरणका कार्यक्रम सञ्चालन गरे पनि धान बिक्री गर्ने समयमा कृषकले सहजै धान बिक्री गर्न नसकेको बताउँदै आएका छन्। पूवी नाका काँकरभिट्टा हुँदै झापामा पनि चामलको आयात उच्च रहेको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ।

चोरीको ...

कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए।

पक्राउ परेका उनीहरुले शुक्रवार दिउँसो ३ बजे बिर्तामोडमा चोरीको ल्यापटप बिक्री गर्न खोजेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट गएको प्रहरीको टोलीले पक्राउ गरेको थियो। पक्राउ परेका उनीहरुलाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखेर अनुसन्धान शुरु गरेको बताइएको छ।

बिक्रीमा

मेचीनगर-७ मा ७०X२२ को ट्रस्टले बनेको कुखुरा तथा गाईपालन, बाखापालन गर्न मिल्ने भवन बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर : ९८४२७०४१६१/९८१७०६४२६६

आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोट: जम्मा जग्गाको क्षेत्रफल १६ कट्ठा १३ धुर रहेको छ।

पुनश्च: बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ।

सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सर्वोत्तम ढुलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु घरेमा हामीलाई सम्झनुहोस् ।

पाउ पाथीभरा उत्तरगंगा पर्यटन तथा प्रबर्द्धन समिति

चारआली, झापाको

साधारणसभा सम्बन्धी सूचना

दोस्रोपटक प्रकाशित मितिः २०७७।१०।१७

यस पाउ पाथीभरा उत्तर गंगा पर्यटन तथा प्रबर्द्धन समिति, चारआलीको सातौं साधारणसभा निम्न मितिं, समय र स्थानमा आयोजना गरिएको हुदा उपस्थितिका लागि सम्पूर्ण आजीवन र संस्थापक सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं।

मितिः २०७७ साल माघ १७ गते शनिबार

समयः दिनको ठीक ११ बजे

स्थानः पाउ पाथीभरा मन्दिर परिसर, चारआली, झापा

सचिव

पाउ पाथीभरा उत्तरगंगा पर्यटन तथा प्रबर्द्धन समिति

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (५८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-५८४२६५६११२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

निराशामा कृषिकर्मी

नेपालमा कृषि कर्म ओरालो लाग्दै गएको छ । देशको अन्नको भण्डार भनिएको तराईका हरिया फाँटहरुमा अग्ला-अग्ला कङ्क्रिटका रुख हुर्किएर जंगलमा रुपान्तरण भएसँगै कृषि कर्म पनि घट्दै गएको हो । जीवन रक्षाका लागि नभई नहुने खाद्यवस्तु जमिनले नै दिन्छ । तर, जमिनमा वर्षैभरि पसिना र पौरख खर्च गर्नुपर्ने, झरी, वर्षा, घाम-पानी खप्नु पर्ने भएकाले पछिल्लो पुस्ता जमिनसँगै विरत हुँदै जान थालेको छ । त्यसैगरी रहेबचेका कर्मीहरु पनि परिश्रम र लागतको आधारमा उत्पादित वस्तुको मूल्य नपाएर कृषि कर्मबाटै टाडिन थालेका छन् ।

नेपाल भूगोलको समेत विविधताले समृद्ध मुलुक हो । त्यहीकारण यहाँको फरक-फरक भौगोलिक प्रदेशमा फरक-फरक प्रकारको हावापानी र माटोको उपस्थिति छ । त्यस्ता उत्पादित वस्तुहरु मध्ये केही खाद्यवाली छन् जो उम्रिएको बेचेर अन्य आवश्यकता पूरा गर्ने साधन बन्छन् भने केही बालीहरु नगदे बालीका रुपमा परिचित छन् । नगदे बालीमध्येको सनपाट खेतीका लागि नाम कमाएको झापा, मोरङ र सुनसरीमा यसको उत्पादन अहिले शून्य प्रायः छ । यहाँको अर्को नगदेवाली चिया पनि किसानको रोजाइबाट हट्न थालेको छ । उता भित्री मधेश तथा पहाडी जिल्लामा हुँदै आएको अम्लिसो, अदुवा, अलैंची, अकबरे र फलफूल खेती पनि उचित ढंगले मूल्य निर्धारण नगरिने कारणले विस्थापन हुने जोखिममा छन् ।

आजीवन माटो, पानी, हिलो र मैलोसँग पौठेजोरी खेल्दै, पसिना बगाउँदै सृजनामा रमाउने किसानले आफ्नो परिश्रमको मूल्य निर्धारण गर्न पाउँदैनन् । अथककर्मी किसानको मेहनतको मूल्य निर्धारण गरेर उनीहरुलाई संरक्षण गर्ने सरकारको न नीति छ, न त योजना वा कार्यक्रम नै । हाम्रा उत्पादनहरुको मुख्य बजार भारत हो र मूल्य त्यहाँका व्यापारीहरुको हातमा रहन्छ । अर्थशास्त्रको सिद्धान्त अनुसार क्रेता र विक्रेताबीचको अन्तरक्रियाबाट मूल्य निर्धारण हुनुपर्ने हो । यो वस्तुको माग र आपूर्ति अवस्थामा भर पर्दछ । अर्थात् माग कम भएको अवस्थामा मूल्य घट्ने र माग बढी हुँदा मूल्य बढ्ने हुनुपर्नेमा हाम्रा कृषि उत्पादनहरु क्रिया, प्रतिक्रिया र अन्तरक्रियाबिनै अव्यवस्थित बजारमा बेच्नुपर्ने अवस्था छ । यसका कारण किसानहरु उत्पादनको उचित मूल्य नपाएर कृषि कर्मबाटै विस्थापनतर्फ उन्मुख हुन थालेका छन् ।

भारतको व्यापारमाथिको एकाधिकारलाई तोड्न हाम्रो सरकारले नै पहल गर्नुपर्छ । राजनीतिक र कुटनीतिक तरिकाले भारतसँग व्यापार सम्झौता गर्दै नेपाली उत्पादनलाई भारतको बजारसम्मको पहुँच सहज र प्रतिस्पर्धी बनाउनुपर्छ । मूल्य कम गर्नेका लागि पनि भारतीय व्यापारीहरुले नेपाली उत्पादनको गुणस्तरमा सवाल खडा गरेको पनि हुनसक्छ । त्यसैले पनि सरकारको अग्रसरता, दूरदृष्टि, कुटनीतिक क्षमता किसानको समस्या समाधानमा सहायक हुन्छ । कृषियोग्य जमिनमा कृषि कर्म गर्न प्रेरीत गर्ने, सहुलियत, अनुदान दिने मात्र होइन बजारीकरणमा पनि अभिभावकीय भूमिका सरकारले नै निर्वाह गर्नु पर्दछ । अन्यथा सक्षम जनशक्ति वैदेशिक रोजगारीमा रमाउने र हाम्रा ऐश्वर्य फलाउने जमिन बाँझो बस्ने अथवा कङ्क्रिटको जंगलमा परिणत हुने निश्चित छ । यसतर्फ सरकारको ध्यान जानुपर्दछ । किसानको समस्याको उचित समाधान खोज्न ढिलाइ नगरौं । उत्पादक, उपभोक्ता र सरकार मिलेर अस्तव्यस्त बजारलाई व्यवस्थित गर्दै कृषि कर्मलाई व्यवसायमुखी बनाउन पहल गरौं ।

द्वन्द्वरहीत शिक्षा: समृद्धिको आधार

पूर्णबहादुर कटुवाल

समृद्ध समाज वर्तमान समयको आवश्यकता हो र मुलुकको राष्ट्रिय नारा पनि यही छ । यस्तो समाज निर्माणको लागि राजनीतिक आँखाबाट गरिने ब्याख्या र शैक्षिक वृत्तबाट गरिने विश्लेषणमा तात्विक भिन्नता भए पनि मूल आधार शिक्षा नै हो । चाहे त्यो औपचारिक होस् वा अनौपचारिक । शिक्षा पहिलो आधार हो जसले राजनीतिक चरित्रको समेत निर्माण गर्दछ । यो मान्यता हाम्रो सन्दर्भमा नौलो होइन । तर, यसलाई मनन गर्ने सन्दर्भ र परिस्थिति मात्र फरक भएका हुन् । लामो समय मुलुक असल शिक्षा लिने र दिने अवसरबाट वञ्चित नै छ ।

शिक्षाको क्षेत्रमा जेजति लगानी भए, जे-जति काम गरिए ती समयानुकूल र स्वतन्त्र परिवेश बन्न सकेन, फलतः विकृतिजन्य संस्कृतिको विकास भयो । विकृति यतिसम्म बनिबनाऊ भए कि आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक धरातलसम्म अस्तित्वको भुँमरीमा बाँच्न बाध्य छन् । पछिल्लो समयमा शिक्षालाई आधार बनाएर राजनीति गर्ने र यसकै टाउकोमा टेकेर विकृत सामाजिक संस्कृतिको जग बसाल्ने काम समेत जिम्मेवार पक्षबाट हुनु दुःखदायी क्षण हो । तर, अनिवार्य रुपमा बुझ्नुपर्ने सवाल भनेको चाहिँ मुलुकको शैक्षिक प्रणालीमा कुनै द्वन्द्व, कलह, स्वार्थको खेल लादिनु हुँदैन ।

असल ज्ञान हासिल गर्न पाउनु हामी सबैको मौलिक अधिकार हो । विश्वव्यापी मान्यता पनि हो । शिक्षा कठिन साधनाले मात्रै प्राप्त गर्न सकिन्छ । शिक्षा समाजको विकासमा आधार-स्तम्भ र धरोहरका रुपमा रहेको हुन्छ । त्यसैले शिक्षा मानवीय, व्यवहारमुखी र समयसापेक्ष हुनुपर्छ । शिक्षा समाजको बृहत्तर हित, परिवर्तन, अग्रगमन र समृद्ध समाज विकासका लागि हुनुपर्दछ । शिक्षाले असल र उपयोगी कुराहरुलाई बाहिर निकाल्ने मार्ग प्रशस्त गर्दछ । तिनकै उपलब्धिले मात्र समाजको विकास सम्भव छ, परिवर्तन सम्भव छ । शिक्षाले आदर्श समाज, कर्मशील मानवजीवन र मुलुकको चौतर्फी हित गर्ने राजनीतिक अस्त्र निर्माण गर्दछ । यसले शैक्षिक सांस्कृतिक साधना र समृद्ध समाज निर्माण गर्नसक्ने नागरिक समेत तयार गर्न मद्दत गर्दछ ।

शिक्षा समाजको प्रगति र देशको आर्थिक समृद्धिको माध्यम पनि हो । तर, हाम्रो वर्तमान राजनीतिक चरित्रले हाम्रो शिक्षा समाजको विकास र देशको समृद्धिमा टेवा दिने गतिमा अघि बढिरहेको छैन । असल शिक्षा व्यक्तिलाई आन्तरिक र बाहिरी तागत दिएर मानवहितको पक्षमा अघि बढाउने महत्वपूर्ण यन्त्र हो भन्ने नै बुझ्न र बुझाउन सकिएन । शिक्षाले व्यक्ति र समाजलाई बदल्न र उत्थान गर्नसक्छ भन्ने बुझाइ औपचारिक मात्र रहयो ।

राज्यले उपलब्ध गराउने गुणस्तरीय र प्रायोगिक शिक्षाले समाजको स्तरलाई बढाउँछ र समाज समृद्धिको आधार बन्छ भन्ने बुझ्न सकिएन । उच्चतम् गुणस्तरीय शिक्षाले मात्र मुलुकमा राजनीतिक स्थिरता, कुशल प्रशासन, गुणस्तरीय

नागरिक जीवनशैली निर्माणमा योगदान दिन्छ । समग्रमा समाजको सम्पन्नताको दरलाई बढाउँछ । समाजलाई परिवर्तनशील, समृद्ध र विकसित बनाउन शिक्षामा दृश्यहरुको औपचारिक मञ्चन भएर र गराएर मात्रै पुग्दैन, समाजले शिक्षाको उद्देश्य, योजना र लगनीबाट विकासका लागि गन्तव्यको परिणाम समेत पर्खिरहेको हुन्छ । व्यक्ति र समाजको परिवर्तन र समृद्धिको लागि शिक्षामा सकारात्मक आशाका किरणहरु झल्किएको हुनुपर्दछ ।

तर, अनौठो र विडम्वना यस्तो भई दियो कि हाम्रो शिक्षा प्रणाली समाजले चाहेको त्यो उन्नतिशील अवसरबाट वञ्चित रहेको छ । शिक्षाबाट प्राप्त गरिएको ज्ञान र उपलब्धि प्रयोगमा आउनुभन्दा पहिले नै कुहिएर झरिसकेको हुन्छ । असल र योग्य नागरिकको अभावमा परिवार, समाज र राष्ट्रको विकास एवम् प्रगति हुन सक्दैन भन्ने कुरा मुलुकमा पलपलमा विकशित घटनाक्रमले पुष्टि गरिरहेका छन् । आधुनिक शिक्षाबाट व्यक्तिको व्यक्तित्व, समाज र राष्ट्रको आवश्यकतालाई पूरा गर्न सकिन्छ भन्ने ज्ञान जबसम्म नीति निर्माताको मष्तिष्कसम्म पुग्दैन तबसम्म हाम्रा कुनै पनि राष्ट्रिय अभिष्ट पूरा हुन सम्भव छैन ।

राम्रो र कुशल जीवनका लागि असल शिक्षा आवश्यक पर्दछ । यसले व्यक्तिको व्यक्तित्व विकास र मानसिक मानक प्रदान गर्दछ । व्यक्तिलाई शारीरिक, मानसिक र सामाजिकरुपमा राम्रो बनाउनुका साथै कुसल जीवन जिउनुपर्छ भन्ने कुरामा पनि बढवा दिन्छ असल शिक्षाले । यसको लागि राज्यको पहिलो दायित्व र प्राथमिकता पनि असल शिक्षा उपलब्ध गराउने वातावरण निर्माणमा हुनुपर्छ । असल शिक्षा त्यो अविश्वसनीय शक्ति हो, जसले खराब शक्तिबाट टाढा गर्न, आत्मनिर्भर बनाउन र समाजमा कैयन नयाँ अवसरहरु सिर्जना गर्न सम्भावनाका अवसरहरु प्रदान गर्दछ । असल र गुणस्तरीय शिक्षा लिनु र दिनुमा सबैको समान दायित्व छ । पहिलो दायित्व राज्यको हो भने दोस्रो अन्य सरोकारवालाको पनि हो । भविष्यमा समाजको परिवर्तन र विकासमा उल्लेखनीय योगदान पुऱ्याउनुछ भने असल शिक्षा लिन अभिरूची, लगाव र झुकाव हुनुपर्दछ, साथमा चिन्तन र मनन हुन पनि उत्तिकै आवश्यक छ । असल शिक्षाको लागि राज्यले आफ्नो मनलाई हरदम सकारात्मक बनाइराख्नु पर्दछ ।

गुणस्तरीय शिक्षा हासिल गर्नको लागि सिकारु पनि त्यतिको अभिप्रेरित हुन जरुरी छ जति राज्य लचक छ । असल शिक्षा एउटा प्रतिस्पर्धाको परीक्षा हो । यो जहाँकहीं नमिल्न सक्छ, त्यसैले आफ्नो क्षमतालाई बुझेर दक्ष ज्ञान हासिल गर्न लागिपर्नु पर्दछ, जुन आफ्नो जीवन र समाजको विकासका लागि प्रयोगमा आउन सकोस् । आज शिक्षा र सिकाइमा मञ्चन भएको अक्षम्य अन्यायले भोलि शिक्षा लिने वर्ग र समाजले गन्तव्यको पर्खाइ कुरिनै मात्रै रहने छन् । समाजको विकासमा प्रत्यक्ष असर परिरहने छ । अनि, त्यो बेला यो घटनाको जिम्मा कसले लिने ? राम्रो शिक्षाको प्रकृति सधैं रचनात्मक हुन्छ । यसले भविष्य निर्माणमा अग्रसर गराउँछ ।

यस्तो शिक्षाको फल समाजले पनि प्राप्त गर्न सक्छ । सामाजिक मुद्दाका बारेमा राम्रो आदत राख्न जागरूक र बढवा दिन्छ । उचित शिक्षा बिना एक व्यक्ति आफ्नो जीवनका सबै शैक्षिक लाभबाट वञ्चित रहनु समाज विकासका लागि घाटा नै हुन्छ । शिक्षाले समाजमा शान्ति बढाउन, गरिबीलाई हटाउन, जातीय विभेदलाई कम गर्न, सुशासन ल्याउन, विकृति र विसंगतिलाई हटाउन र आफ्ना अधिकारका बारेमा जागरूक गराउन महत गर्दछ । शिक्षा परिणाम प्राप्त गर्नुलाई मात्रै नभई सबै मानव जातिलाई सक्षम बनाउन, कुनै चीजमा सक्षमता हासिल गर्न र मानवको कल्याणका लागि हो । शिक्षा व्यक्ति र समाजको बृहत्तर हित, सुख र खुशी जीवनका लागि अनिवार्यजस्तै छ ।

शिक्षा एउटा त्यस्तो चाबी हो, जसले कठिन ताला पनि छोटो समयमै सहजै खोल्न सक्छ । तर, शिक्षा बिना त्यो ताला खोल्न कठोर परिश्रममा नै समय धेरै खर्च लाग्दछ । यसकारण पनि असल शिक्षा वा ज्ञान व्यक्ति र समाजको विकासका लागि आवश्यक छ । असल शिक्षा र ज्ञानको माध्यमबाट एउटा व्यक्तिलाई गुणी बनाउनु भनेको समाज विकासका लागि असल पृष्ठभूमि तयार गर्नु हो ।

समग्रमा भन्नुपर्दा हाम्रो शिक्षा व्यक्तिको व्यक्तित्व विकासका साथै समाजको उन्नति, प्रगति, परिवर्तन र विकाससँग जोडिएको हुनुपर्दछ । शिक्षामा यस्तो परिवर्तन हुन नसक्नु व्यक्ति र समाजलाई अभिशाप हुन पुग्दछ । शिक्षाको सुधारले मुलुक समृद्ध बनाउन सहयोग गर्छ । यसको पहिलो भूमिका राज्यको हो भने यससँग आवद्ध नजिकको सरोकारवालको पनि उत्तिकै महत्वपूर्ण जिम्मेवारी छ । राज्यको वर्तमान राजनीतिक परिवेश हेर्दा कुनै पनि समयमा पुनः शैक्षिक स्थलहरु राजनीतिक क्रिडास्थल बन्न सक्छन्, शिक्षक विद्यार्थी, र शिक्षण क्रियाकलाप पुनः अवरुद्ध हुन सक्छन् । यसको लागि राज्यका जिम्मेवार पक्ष समयमै सचेत हुन आवश्यक छ । विकसित राष्ट्रको प्रगतिको आधारमा घोकिएको २१औं शताब्दीको उपलब्धिबाट फेरि पनि दशकौं पछि पर्ने अवस्थाको सिर्जना नहोस् । द्वन्द्वरहित शिक्षा नै विकास र समृद्धिको आधार हो भन्ने मनन् गर्नुको विकल्प छैन ।

लागूऔषध कारोबारमा संलग्न तीन जना पक्राउ

झापा, माघ १०। झापा दमक-८ स्थित सेतुमारी रोडबाट दुई जना लागूऔषध खैरोहिरोईन ब्राउनसुगरसहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मोरङ रतुवामाई-२का २१ वर्षीय कनैया गनगाई र रतुवामाई-८का २० वर्षीय राज कुमार गनगाई रहेका छन् ।

इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले को २१ प १०३ नम्बरको मोटरसाइकलमा सवार गरी आएका उनीहरु दुबै जनालाई नियन्त्रणमा लिएको थियो । उनीहरुको साथबाट ३६ ग्राम खैरोहिरोइन ब्राउनसुगर, नगद ४ हजार ७ सय रुपैयाँ बरामद गरिएको इलाका प्रहरी कार्यालय दमकले जनएको छ ।

यसैगरी झापाको मेचीनगर-६स्थित मेचीपुलबाट मोरङ उर्लावारी-२का ३१ वर्षीय सुजन परियार लागूऔषधसहित पक्राउ परेका छन् । उनलाई लुपिजेसिक १० एम्पुल, फेनारागन १० एम्पुल र डाइजेपाम १० एम्पुल लागूऔषधसहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालय काकरभिट्टाले जनाएको छ ।

वीरता जेसीजको ४०औं पद हस्तान्तरण

बिर्तामोड, माघ १०। वीरता जेसीज बिर्तामोडको ४० औं पद हस्तान्तरण तथा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ ।

वीरता जेसीज सन् २०२०का अध्यक्ष मिजास पोखरेलको गलामा रहेको जेसीज अध्यक्षीय चेन र पिन वीरता जेसीजका भूतपूर्व अध्यक्षहरुद्वारा वीरता जेसीजको ४० औं अधिवेशन तथा शाखा अधिवेसनबाट अध्यक्षमा सर्वसम्मत चयन भएका सन् २०२१का अध्यक्ष राजीव धिमालको गलामा पहिऱ्याएर पद हस्तान्तरण गरिएको थियो । वीरता जेसीजका निवर्तमान अध्यक्ष तथा निर्वाचन अधिकृत विशाल थापाले सन् २०२१का अध्यक्ष राजीव धिमाललाई शपथ ग्रहण गराएका थिए भने सन् २०२१ का अध्यक्ष धिमालले निर्वाचित तथा मनोनयन भएका पदाधिकारीहरुलाई शपथ ग्रहण गराएका थिए ।

कार्यक्रममा वीरता जेसीजका निवर्तमान अध्यक्ष थापालाई भूतपूर्व अध्यक्ष क्लवमा पदस्थापन गरिएको थियो भने सन् २०२०का अध्यक्ष मिजास पोखरेललाई निवर्तमान अध्यक्षमा पदस्थापन गरिएको थियो ।

वीरता जेसीज सन् २०२०का अध्यक्ष मिजास पोखरेलको अध्यक्षता तथा झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिनाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष तथा कार्यक्रम संयोजक घनश्याम चौधरीले स्वागत गरेका थिए । वीरता जेसीजका उपाध्यक्ष टीकाराम खतिवडाले आस्था वाचन गरेको कार्यक्रममा सदस्य दिपेन धिमालले जेसीआई मिसन भिजन र थिम वाचन गरेका थिए ।

वीरता जेसीजको ४०औं अधिवेशन तथा शाखा अधिवेशनबाट सन् २०२१को अध्यक्षमा राजिव धिमाल निर्विरोध निर्वाचित भएका थिए भने कार्यकारीणी उपाध्यक्षमा विकास वस्नेत, अशोक चौधरी, उपाध्यक्षहरुमा जनक खड्का, कृष्ण अग्रवाल, अमरजीत साह, सुरज चौधरी,सहसचिवमा टिकाराम खतिवडा, जनसम्पर्क अधिकारीमा अनन्तलाल महतो, प्रकरण निर्देशकमा कमल श्रेष्ठ, तालिम संयोजकमा प्रभात मास्के निर्विरोध निर्वाचित भएका थिए ।

कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिना, पूर्व राष्ट्रिय उपाध्यक्ष तथा जेसीज पूर्व अध्यक्ष क्लब झापाका अध्यक्ष विनोद वस्नेत, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा सन् २०२० का अध्यक्ष मिजाश पोखरेलले अध्यक्ष्यीय मन्तव्य राखेका थिए भने सन् २०२१ का अध्यक्ष राजिव धिमालले वीरता जेसीजलाई नयाँ उचाई प्रदान गर्ने प्रतिवद्धता जनाएका थिए । एटुजेड डान्स एकाडेमीका कलाकारहरुले नृत्य प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन सन् २०२०का महासचिव विकास वस्नेत र २०२१ का महासचिव लोकचन्द्र श्रेष्ठ(एलसी) ले गरेको कार्यकारीणी उपाध्यक्ष तथा कार्यक्रम संयोजक प्रवेश बस्नेतले जानकारी दिए ।

पूर्वाञ्चलकर्मी निरौला र पाण्डे सम्मानित

बिर्तामोड, माघ १०। पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौला दमयन्ता रिमाल स्मृति उत्कृष्ट जेसीज अवार्ड पुरस्कारबाट सम्मानित भएका छन् ।

वीरता जेसीजका मानार्थ सदस्य बसन्त रिमालले आफ्नी आमा दमयन्ता रिमालको स्मृतिमा स्थापना गरेको दमयन्ता रिमाल स्मृति उत्कृष्ट जेसीज अवार्ड पुरस्कार वीरता जेसीज बिर्तामोडको ४०औं पद हस्तान्तरण तथा पुरस्कार वितरण समारोहमा पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौलालाई प्रदान गरिएको हो ।

पाँच हजार एक सय रुपैयाँको उक्त पुरस्कार र सम्मान-पत्र पुरस्कारका संस्थापक बसन्त रिमाल, झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना, वीरता जेसीज सन् २०२०का अध्यक्ष मिजास पोखरेलले उपसम्पादक निरौलालाई प्रदान गरेका थिए ।

गतवर्षको सोही पुरस्कार कानूनी सल्लाहकार कुशल खतिवडालाई प्रदान गरिएको थियो । खतिवडाले उक्त पुरस्कारको रकम शंकराचार्य पीठ साधुटारका वटुकहरुलाई प्रदान गर्ने घोषणा गरेका थिए ।

सोही कार्यक्रममा मदन ढकाल स्मृति वीरता जेसीज उत्कृष्ट पत्रकारिता पुरस्कार २०७७ पूर्वाञ्चल दैनिकका फोटो पत्रकार तथा आमसञ्चार डटकमका समाचार प्रमुख कमल पाण्डे विनोदलाई प्रदान गरिएको थियो । पुरस्कारका संस्थापक सावित्रा ढकाल, झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना, वीरता जेसीज सन् २०२०का अध्यक्ष मिजास पोखरेलले फोटो पत्रकार पाण्डेलाई नगद १५ हजार र सम्मान-पत्र प्रदान गरेका थिए ।

त्यस्तै वीरता जेसीजका पूर्व अध्यक्ष सजेश शिवाकोटीलाई दिलकुमार शर्मा स्मृति वीरता जेसीज सक्रिय पूर्व अध्यक्ष पुरस्कार प्रदान गरिएको थियो । १५ हजार रुपैयाँ र सम्मान पत्र पुरस्कारकी संस्थापक रेखा शर्मा, झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिना, वीरता जेसीज सन् २०२०का अध्यक्ष मिजाश पोखरेलले शिवाकोटीलाई प्रदान गरेका थिए ।

त्यस्तै कोभिडको समयमा स्वास्थ्य सेवामा पुऱ्याएको योगदानको कदर गर्दै मेची प्रादेशिक अस्पताल भद्रपुरका वरिष्ठ जनरल फिजिसियन डा. गोविन्द कँडेल र पूर्णटुङ्गा बिर्तासिटी हस्पिटलका बिर्तामोडका पब्लिक रिलेशन अफिसर बमबहादुर बस्नेतलाई सम्मान गरिएको थियो ।

त्यस्तै वीरता जेसीज सन् २०२०का अध्यक्ष मिजास पोखरेलले उत्कृष्ट जेसीज अवार्ड दिवाकरलाल चौधरीलाई र वेष्ट एक्टीभ अवार्ड लोकचन्द्र श्रेष्ठ(एलसी) लाई प्रदान गरेका थिए भने विकास वस्नेत, दिवाकर प्रसाई, अनन्तलाल महतो, सञ्जीव घिमिरे, रोहित प्रसाई, घनश्याम चौधरी, प्रभात मास्के, जनक खड्का, टिकाराम खतिवडा, आशिष वन, प्रवीण खड्कालाई जेसीज अफ द मन्थको अवार्ड प्रदान गरेका थिए ।

बिर्तामोडमा एकैदिन तीनवटा कृतिको लोकार्पण

बिर्तामोड, माघ १०। झापाको बिर्तामोडमा एकैदिन तीनवटा कृतिको लोकार्पण गरिएको छ ।

प्रगतिशील लेखक संघ झापाको आयोजनामा बिर्तामोडमा शनिबार भएको कार्यक्रममा साहित्यकारहरु राजेन्द्र संग्रौलाको उपन्यास सङ्क्रमण रोग, भोक र लोभको, यज्ञराज प्रसाईंको कथा संग्रह अवचेतनभित्रको एउटा पात्र र प्रेमप्रसाद भट्टराईको आत्मसंस्मरणात्मक निबन्धहरु बोझे इन्स्पेक्टरको लोकार्पण गरिएको हो ।

प्रगतिशील लेखक संघ झापाका अध्यक्ष समेत रहेका संग्रौलाको सातौं कृतिको रुपमा उपन्यास सङ्क्रमण रोग, भोक र लोभको लोकार्पण गरिएको हो ।

प्रगतिशील लेखक संघ झापाकी उपाध्यक्ष आरती पोखरेलको अध्यक्षता तथा डा. देवी दुलाल क्षेत्रीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहसचिव विन्दु दाहालले स्वागत गरेका थिए ।

कार्यक्रममा साहित्यकारहरु कमल गुरागाईं, चुडामणि वशिष्ठ, चन्द्र भण्डारी, देवी संग्रौला, हरिनारायण भट्टराई, पुण्य खरेल, मायामितु न्यौपानेलगायतले तीनवटै कृतिको समीक्षा गरेका थिए ।

कार्यक्रममा साहित्यकारहरु देवी पन्थी, सरोज ओली, पुण्यप्रसाद खरेल, सुमित्रा वाङ्देल चेली, रुद्र-गौरी-श्री अम्बिका ओली प्रतिष्ठानका अध्यक्ष गंगाप्रसाद ओली, बिर्तामोड-२का वडाध्यक्ष नगेन्द्र संग्रौला, साहित्यकार तथा लेखक यज्ञराज प्रसाईंले बोलेका थिए ।

कार्यक्रमको सञ्चालन प्रगतिशील लेखक संघ झापाका सचिव लीलाप्रसाद अधिकारीले गरेका थिए ।

लेडी जसीजको स्थापना दिवस

बिर्तामोड, माघ १०। वीरता लेडी जेसीजले १७औं स्थापना दिवसको अवसमा विभिन्न कार्यक्रम सम्पन्न गरेको छ ।

स्थापना दिवसको अवसर पारेर बिर्तामोड-४ स्थित परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित वृद्धाश्रममा रहेका मातापितालाई खाना खुवाउनुका साथै नगद सहयोग गरिएको अध्यक्ष स्वस्तिका आर्चायले जानकारी दिइन् ।

बिर्तामोड-४ का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पूर्वराष्ट्रिय कार्यकारिणी उपाध्यक्ष संगीता पौडेल, जेसीज पूर्वअध्यक्ष समाज झापाका अध्यक्ष बिनोद बस्नेत, नारी संचार गृह झापाकी अध्यक्ष

भीमा शिवाकोटी, सस्थापक अध्यक्ष शारदा रिजाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

जेसीज मिसन भिजन, नेपाल जेसीज र शाखाको प्रकरण युनिता दवाडीले गरेको कार्यक्रममा आस्था बाचन मुना चुडालले गरेकी थिइन् । कोषाध्यक्ष झुमा चुडालले स्वागत गरेको कार्यक्रमको सञ्चालन महासचिव हिमा पौडेलले गरेकी थिइन् ।

तालिममा सिकेको सिप व्यवहारमा उर्तान आग्रह

बिर्तामोड, माघ १०। झापाको बिर्तामोडमा आयोजित कार्यक्रमका वक्ताले आफूले सिकेको सिप व्यवहारमा उर्तान सहभागिलाई आग्रह गरेका छन् ।

नेपाल कपडा तथा सिलाई व्यवसायी संघ झापाले आयोजना गरेको फेशन डिजाइन तथा कोट कटिङ तालिम समापन कार्यक्रममा उनीहरुले यस्तो बताएका हुन् ।

नेपाल कपडा तथा सिलाई व्यवसायी संघ झापाका अध्यक्ष दिलिप सुन्दासको अध्यक्षता तथा नेपाल कपडा तथा सिलाई व्यवसायी महासंघका अध्यक्ष रामकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संघका उपाक्ष्यक्ष रमेश शिवाले स्वागत गरेका थिए ।

गत पुस २२ गतेदेखि झापाको बिर्तामोड, कनकाई, मेचीनगर नगरपालिका तथा बुद्धशान्ति गाउँपालिकामा भएको तालिमको समापन कार्यक्रम बिर्तामोडमा गरिएको थियो ।

तालिममा तीन सय जना प्रशिक्षार्थी सहभागि थिए । उनीहरुलाई कोट कटिङ सम्वन्धी राष्ट्रिय प्रशिक्षक मिलन नेपालीले प्रशिक्षण दिएका थिए भने फेशन डिजाइन सम्वन्धी शारदा श्रेष्ठ, संगिता गौतम र यामुना रोकायाले प्रशिक्षण दिएका थिए ।

तालिम समापन कार्यक्रममा सहभागी तीन सय जनालाई प्रमाणपत्र वितरण गरिएको थियो भने पुराना व्यवसायी शहीदुल हक अन्सारी र रुपनारायण वर्देवालाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाल कपडा तथा सिलाई व्यवसायी महासंघका केन्द्रीय सदस्य हरि नेपाली, प्रशिक्षक मिलन नेपाली, मानार्थ सदस्य भोला परियार, ज्ञानु श्रेष्ठ, भगत परियार, रोशन नेपाली, तारा अधिकारी, आशिष वर्देवा लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन नेपाल कपडा तथा सिलाई व्यवसायी संघ झापाका सचिव महेन्द्र दासले गरेका थिए ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

घर बिक्रीमा

अर्जुनधारा-६ महानन्द चोक नेपाली कांग्रेस पार्टी कार्यालय पूर्व ९½ धुर जग्गामा ३ तला संरचना, पूर्व मोहडा, पार्किङ सुविधा, भूइँतला टाली, मार्बल भएको घर तु-बिक्रीमा छ ।

सम्पर्क: ९८०७९६५३०९

पसल बिक्रीमा

झापा बुद्धशान्ति गाउँपालिका-३ बुधबारे चौक (बैंक अफ काडमाडौंको तल्लो तला)मा चालू अवस्थामा रहेको 'ल्याभिस इम्पोरियम फेसन वेयर' बिक्रीमा रहेकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८४२७७३६२०, ९८४२६५५४१३

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारीको तु-आवश्यकता ।

कुक- १ जना

हेल्पर- २ जना (महिला)

फोन: ९८१४०१५१०४, ५४५४५७

पत्रिका पाउनु भएन भने ?

यदि तपाईले पूर्वाञ्चल दैनिक पत्रिका नियमित रुपमा पाइराख्नु भएको छैन भने सम्पर्क गर्नुहोस् ।

९८४२६९६११२ (गोपाल अधिकारी)

९८०६०३३१५३ (सञ्जय श्रेष्ठ)

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट

लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन मिजिटिङ कार्ड बाहिरको छ, हामिलाइ सम्झनुहोस्

७ थार १२ महिना सञ्चालनमा

धिमिरे अफसेट प्रेस बिर्तामोडमा

अतिथिभवन उत्तरपट्टिको घर

फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२/९८०१३६४०९३

BHITTA TRADING

हामी सजाउँछौ हरेक भित्तालाई

- Wallpaper
- Wallpaints
- Wall Grass
- Floor Grass
- False Ceiling
- Canvas

सम्पूर्ण Interior तथा Exterior Design

ठेगाना : मेचीनगर-६, काँकरभिट्टा (झापा) भट्टराई चोक, सालघारी रोड

सम्पर्क नं. : राजेश गौतम ९८०३४७६१०८, विकाश गुरुङ्ग ९८०८२३०९७४

१५ दिनमै ग्यारेन्टीका साथ प्याकिङ्ग हेल्परमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मिति: २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

पद	संख्या	तलब	खान/बस्न	ओटी	काम	करार
Helper प्याकेजिङ्ग	८०	800/- AED	छ/छ	कनिअ	८ घण्टा २६ दिन	२ बर्ष

नोट: UAE को चाइना पेट्रोलियम ग्यास प्लान्टमा तलब 1000DHS+Food+OT ग्यारेन्टी गरिनेछ ।

UAE को डाइरेक्ट प्लाष्टिक फ्याट्टीमा फ्रेक्ट्री हेल्पर ८ घण्टा २६ दिनको ८००+४ घण्टा OT एग्रीमेन्ट गरेर पठाइने छ ।

फाइनल अन्तरवार्ता माघ १४ गते बुधबार

सगुन ओभरसिज सर्भिसेज प्रा.लि.

श्रम इजाजत नं. ३९६/०६०/०६१

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोन: ९८०८०७४५९८, ९८०३०७४४३९)

CTEVT बाट सम्बन्धन प्राप्त १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्गको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । (तालिममा इण्डियन कुक, चाइनीज, कन्टीनेन्टल, इटालीयन र वेटर)

हाम्रा विशेषता :

१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।

२) तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याउने ।

३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने ।

४) दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने ।

५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्गमा पठाइने ।

नोट: तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ ।

Asian Hotel Training Center

पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि

बिर्तामोड: ९८१२३५१२७१, ९८१०४८५५५०, ९८१२३५१२२६, इटहरी: ९८१२३५१२७१

विशेषज्ञ डाक्टरहरूको सेवा

डा. सविन मानन्धर
MBBS (KU) MD (NAMS)
बरिष्ठ बालरोग विशेषज्ञ (दैनिक सेवा)

डा. सरोज कुमार यादव
MBBS, MS
जनरल सर्जन युरोलोजी (दैनिक सेवा)

डा. राजीव कोइराला
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

डा. प्रमोद कुमार शाह
MBBS, MD (TU)
कन्सलटेन्ट फिजिसियन) दैनिक सेवा: ८-१० बजे)

यहाँ अन्य सेवाहरु: डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.

शनिश्चरे रोड, पाथीभरा टोल नं. ४ रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

UAE को अर्ध सरकारी कम्पनीमा महिला तथा पुरुष PSBD Security Guard हरूको आबश्यकता

शनिबार पनि कार्यालय खुला रहने छ ।

कम्पनी: Hemaya Security Services पूर्व स्वीकृत मिति: २०७७/०८/२६ L.T. No.: 235453 चलानी नं.: ६०१५३८२७ पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Secuity Guards	126	25	स. काममा दक्ष	2000	६३,५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।

★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याडे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

अन्तर्वार्ता :- FLORID TRAINING CENTRE, बिर्तामोड झापामा माघ १५ गते (28 Jan. 2021) मा

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५

STARIS HR SERVICES PVT. LTD.

(TRANS ASIA INTERNATIONAL PVT LTD)

Samakhusi-26, Kathmandu, Tel.: 01-4384145,

Mob.: 9801074705, 9802078705, 9801458705,9806097819

हाडजोर्नी तथा नसाका विरामीहरूलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर **अनिलकुमार महतो** यही माघ ११ गते आइतबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ । आफ्नो समस्याजाच गराई मौकाको फाइदालिनुहोस् ।

जाँच हुने समस्याहरु

- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसाच्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुमजाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:०० बजे

सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल**

कन्काई रोड, बिर्तामोड (टेलिकम पूर्व) (फोन : ०२३-५४०१२३, : ९८५२६७५०३३

गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।

सम्पर्क: भूपाल कार्की

९८०१४०४०००

९८१६६४१५७३

अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

नेपाली कथानक चलचित्र (शिव श्रेष्ठको)

एउटा यस्तो प्रेम कहानी

माघ १ गतेबाट प्रदर्शनमा

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३०

हिन्दी चलचित्र

विजय दि मास्टर

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । खर्च बढ्नाले आर्थिक अभाव देखा पर्ला । पाउमा चोटपटकको योग देखिएकाले सजग रहनुहोला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - छर-छिमेकमा केही असमझदारी बढ्न सक्छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। श्रमको उचित मूल्यांकन होला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - पढाइमा प्रगति हुनेछ भने नयाँ ज्ञान प्राप्त हुने योग छ । लाभांश बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - पढाइमा प्रगति हुनेछ भने नयाँ ज्ञान प्राप्त हुने योग छ । लाभांश बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - व्यापारमा प्रशस्त फाइदा हुनेछ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । जीवनशैलीमा परिवर्तन आउनेछ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - केही अवरोध भए पनि प्रयत्न गर्दा कर्मको प्रतिफल पाइनेछ । छोटो समयमा उपलब्धि हातलागी हुनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - प्रतिष्ठित काम शुभारम्भ गर्ने मौका छ । विशेष अवसरले दैनिकीमा परिवर्तन ल्याउनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ । शुभचिन्तकहरूले राम्रो सहयोग जुटाउनेछन् ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - विशिष्ट व्यक्तिहरूसँग भने असमझदारी बढ्न सक्छ । आफन्तबाट समेत टाढिनुपर्ने हुन सक्छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन् । भाग्यले विभिन्न अवसर जुराउनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - दाम र प्रतिष्ठा कमाउने बेला छ । पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ ।